नेपाल सरकार

अर्थ मन्त्रालय

# महालेखा नियन्त्रक कार्यालय

# Financial Comptroller General Office

पत्र संख्याः ०७६।७७
चलानी नं. ४८

मिति-२०७६।०९।०४

विषय-परिपत्र सम्बन्धमा

श्री कोष तथा लेखा नियन्त्रक कार्यालय सबै,

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को व्यवस्था वमोजिम नेपाल सरकारका प्रत्येक कार्यालयको कारोवारको नियमितता, मितव्ययितता, कार्यदक्षता र प्रभावकारिताको आधारमा आन्तरिक लेखापरीक्षण गर्ने जिम्मेवार कोष तथा लेखा नियन्त्रक कार्यालयको रहेको छ । सार्वजनिक वित्तीय जवाफदेहिता र पारदर्शिताको प्रवर्द्धन गर्दै सम्बन्धित निकायको आन्तरिक नियन्त्रण प्रणालीको मुल्याङ्कन तथा आर्थिक अनुशासनको परिचालन सम्बन्धमा सुझाव दिने जिम्मेवारी समेत रहेको छ। तर कोष तथा लेखा नियन्त्रक कार्यालयवाट आर्थिक अनुशासन कायम नगरेको भनि उजुरीहरु विभिन्न निकायमा परी छानविन समेत यस कार्यालयबाट गर्ने गरिएको सन्दर्भमा त्यंहा कार्यालयबाट प्रचलित ऐन, कानुन, निर्देशिका वमोजिमका कार्यसम्पादन समयमा गर्नुहुनका साथै तपसिल वमोजिम गर्न यस कार्यालयको मिति २०७६/९/४ (महालेखा नियन्त्रक) को निर्णय अनुसार अनुरोध छ ।

१. कोष तथा लेखा नियन्त्रक कार्यालयमा कार्यरत कर्मचारीहरुलाई महालेखा नियन्त्रक कार्यालयको अनुमती विना कार्यक्षेत्र वाहिर काज स्विकृत नगर्ने तथा स्विकृत काजको भुक्तानीका लागी अन्य कार्यालयमा नपठाउने ।

२. कार्यालयहरुवाट भुक्तानीको लागी भुक्तानी आदेश प्राप्त भएपछी एकल खाता कोष निर्देशिका वमोजिमको समय भित्र निकासा दिने ।

३. आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायीत्व ऐन, २०७६ ले तोकेको अवधिमा आन्तरिक लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन गर्ने ।

४. कोष तथा लेखा नियन्त्रक कार्यालयको कार्यसम्पादनको लागी आवश्यक कार्यालय सामान, विविध खर्च, मर्मत सम्भार जस्ता कुनै पनि खर्च भुक्तानीको लागी अन्य कार्यालय नपठाउने र विनियोजीत वजेट नपुग भएमा पृस्टाई सहीत यस कार्यालयमा थप वजेट माग गर्ने ।

५. प्रचलित ऐन,कानुन बमोजिमका आचारसंहिता विपरीत कार्यहरु नगर्ने ।

उपमहालेखा नियन्त्रक

(प्रकाश पुडासैनी)

"नतिजामुखी प्रशासनः समृद्धि र सुशासन"
अनामनगर, काठमाण्डौं, फोनः ०१-४७७१२९०, ४७७१२९३, फ्याक्सः ०१-४७७१२९१
E-mail: info@fcgo.gov.np, Website: www.fcgo.gov.np